# मकवानपुरगढी गाउँपालिकाको किशोरी समूह सञ्चालन कार्यविधि, २०७९

कार्यपालिकाबाट स्विकृत मिति : २०७९/०९/२८

मकवानपुरगढी गाउँपालिका मक्रान्चुली, मकवानपुर

प्रस्तावना::

सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापीत गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न किशोरी महिलाहरु मात्र सदस्य रहने गरी एक टोल विकास संस्था, एक किशोरी महिला समूह गठन गरी वडा समितिको अधिनमा रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम स्थानीय सेवाको अधिकतम उपयोग गर्न मकवानपुरगढी गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## १.सक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "मकवानपुरगढी गाउँपालिकाको किशोरी समूहको गठन र सञ्चालन कार्यविधि, २०७९" रहको छ।

(२) कार्यपालिकाबाट स्विकृत भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ।

## २. परिभाषा :

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यक्ष"** भन्नाले मकवानपुरगढी गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(ख) **"वडाध्यक्ष"** भन्नाले मकवानपरगढी गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ,

(ग) **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले मकवानपरगढी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ।

(घ) **" किशोरी "** भन्नाले मकवानपुरगढी गाउँपालिकाको १० वर्षदेखि १९ वर्ष उमेरका बालिकालाई जनाउँछ।

(ङ) **"गाउँपालिका"** भन्नाले मकवानपुरगढी गाउँपालिकालाई जनाउँछ।

(च) **"सञ्जाल"** भन्नाले सबै वडालाई समेटेर गाउँपालिकास्तरीय गठन गरिएको सञ्जाललाई जनाउँछ।

दोर्जे लामा स्याङ्तान,
अध्यक्ष

छ) **"कार्यपालिका"** भन्नाले मकवानपरगढी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

**३. उद्देश्य :** किशोरी समूह सञ्चालनको मुख्य उद्धेश्य देहाय बमोजिम रहनेछन्।

(क) विभिन्न निकायबाट प्रवाह गरीने सेवामा किशोरीको पँहुच अभिवृद्धि गर्न ।

(ख) किशोरीहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने ।

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा किशोरीको सहभागिता सुनिश्चित गर्ने ।

(घ) निर्णय प्रक्रियामा किशोरीलाई समान अवसर र अधिकार प्रदान गर्ने ।

(ङ) किशोरी समूहलाई वडा समितिको मातहतमा रहने गरी सहभागगितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याकंनमा सहभागी गराउने ।

(च) सामाजिक विकृती विसङ्गती, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जाकरुक गराउने,

(छ) किशोरीको सामाजिक सास्कृतीक आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषसरह पँहुचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुऱ्याउने ।

(ज) किशोरी अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्ने ।

(झ) किशोरी मैत्री लक्षित कार्यक्रम तय गर्ने ।

**४. टोल विकास संस्थास्तरीय किशोरीसमूह गठनः**

(१) गाउँपालिकाको प्रत्येक टोल विकास संस्थामा किशोरी मात्र रहने गरी सात देखि एघार सदस्य सहितको एक किशोरी समूह गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने किशोरी समूहमा वडाका टोलविकास संस्थाका पदाधिकारी तथा वडाबासीहरुको भेलाबाट अध्यक्ष तथा सदस्यहरु रहेको एक किशोरी समूह सञ्चालन समिति गठन हुनेछ ।

दोर्जे लामा म्याङतान
अध्यक्ष

(३) उपदफा (२) बमोजिम गठन हुने किशोरी समूह सञ्चालन समितिका पदाधिकारीहरु आवश्यकताको आधारमा हेरफेर गर्न सक्छन् ।

(४) किशोरी समूह सञ्चालन समितिले टोल विकास संस्था, वडा समिति तथा गाउँपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछन्।

## ५. वडास्तरीय किशोरी समूह सञ्चालन समिति गठन :

(१) वडाभित्र प्रत्येक टोल विकास संस्थाका किशोरी समूह सञ्चालन समितिको अध्यक्ष रहेको एक वडास्तरीय किशोरी समूह सञ्चालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको किशोरी समूह सञ्चालन समितिमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन्।

(३) उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा वडा सचिव रहनेछन् ।

(४) टोल तथा वडामा किशोरी समूह गठन गरिनेछ ।

## ६. वडास्तरीय किशोरी समूह सञ्चालन समितिको काम तथा कर्तव्य

(१) वडास्तरीय किशोरी समूह सञ्चालन समितिले देहायका कार्य गर्नेछ :

(क) किशोरीका सबालहरुका विषयमा वडासमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) किशोरी हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी, सहजकारी भूमिका निर्वाह गर्नेछन् ।

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृती तथा विसङ्गतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको आपराधिक घटनाका विषयमा सत्य तथा तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरी लागू गर्ने,

दोर्जे लामा स्याङतान
अध्यक्ष

**७. गाउँपालिस्तरीय किशोरी समूह सञ्चालन समिति गठन :**

(१) किशोरीको शैक्षिक, आर्थिक, सामाजिक, लैङ्गिक, सास्कृतीक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिकास्तरीय किशोरी संजाल गठन गरीनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्।

(क) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्यमध्ये एक जना महिला : अध्यक्ष

(ख) वडास्तरीय किशोरीसमूहका अध्यक्षहरु : सदस्य

(ग) स्थानीय क्षेत्रमा काम गर्ने संघसंस्थाको प्रतिनिधि एक जना : सदस्य

(घ) माध्यामिक तहका महिला शिक्षक एक जना : सदस्य

(ङ) महिला विकास शाखा प्रमुख : सदस्य-सचिव

**८. गाउँपालिकास्तरीय किशोरी समूह सञ्चालन समितिको काम र कर्तव्य :**

गाउँपालिकामा गठन हुने किशोरी समूह सञ्जालले देहायका कार्यहरु गर्नेछन्:

क) किशोरीहरुको हक अधिकार, किशोरीहरुका विविध सबालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न गाउँपालिकालाई सुझाव तथा सल्लाह दिने,

(ख) नमुना टोलस्तरीय किशोरी समूह पहिचान गरी पुरस्कृत गर्नका लागि गाउँपालिकालाई सिफारीस गर्ने,

(ग) किशोरीहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी गाउँपालिकालाई सिफारीस गर्ने,

(घ) किशोरीलाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न गाउँपालिकालाई आवश्यक सुझाव सल्लाह दिने,

(ङ) किशोरी विरुद्द धार्मिक, सामाजिक, सास्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने,

(च) किशोरी अधिकारमैत्री गाउँपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) किशोरीलाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने,

दोर्जे लामा स्याङतान
अध्यक्ष

**९. किशोरी समूह सूचिकृत हुनुपर्ने :**

(१) प्रत्येक टोलमा गठन हुने किशोरी समूह गाउँपालिकाको महिला शाखामा सुचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुनको लागि किशोरी समूहले वडाको सिफारीस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

(३) किशोरी समूह सञ्जालबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा गाउँपालिकाले अनुसूची-२ बमोजिम किशोरीसमूह दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(४) कुनै किशोरी समूहले यस कार्यविधिको उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नँया किशोरी समूह गठन हुनेछ ।

**१०. एक टोल विकास संस्था एक किशोरी समूह हुने :**

प्रत्येक टोल विकास संस्थामा एक भन्दा बढी किशोरी समूह रहने छैनन्।

**११. पुरस्कृत गर्ने :** उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने किशोरी समूहलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

**१२. किशोरी समूहको काम :**

टोल विकास संस्थामा गठन हुने किशोरी समूहले देहाय बमोजिमको कार्य गर्नेछन्।

(क) मकवानपुरगढी गाउँपालिकाको सामाजिक व्यवहार सुधार ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापीत गरी किशोरी समूहको उत्थानमा सहजीकरण गर्ने,

(ग) गाउँपालिका तथा वडावाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने ।

(घ) एच.आई.भि. एड्स, अन्धविश्वाश, कुरीति, रजस्वला हुँदा अछुत हुने प्रथा, बाल विवाह, बहुविवाह, जस्ता सामाजिक समस्या, विकृती, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(ङ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना गाउँको रुपमा स्थापीत गर्दै लैजाने ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

(च) टोलमा किशोरी सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(छ) समानतामा आधारीत पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने,

(ज) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतीको प्रदर्शनमार्फत आन्तरीक तथा बाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पऱ्यांउने,

**१३. नाम जुराउनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम गठन हुने टोल विकासस्तरीय किशोरीं समूहको नाम सोही किशोरी समूहको निर्णय अनुसार जुराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम जुराइएको किशोरी समूहको नाम गाउँपालिकाको महिला शाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य किशोरी समूहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नँया किशोरी समूहले पुन: निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई दर्ता गराउनुपर्नेछ ।

**१४. विविधः**

(१) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा मकवानपुरगढी गाउँपालिकाले बनाएको कानुनसँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुँदाहरु स्वत: खारेज हुनेछन्।

(२) यो कार्यविधि कायान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

दोर्जे लामा स्याङतान
अध्यक्ष

अनुसूचि १

(दफा ९ को उपदफा २ संग सम्वन्धित)

## किशोरी समूहलाई गाउँपालिकामा दर्ता गर्ने ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत

मकवानपुरगढी गाँपालिका गाउँ कार्यपालिकाको कार्यालय,

मकवानपुर, बागमती प्रदेश ।

**विषयः किशोरी समूह दर्ता/नविकरण गरिपाउँ ।**

प्रस्तुत विषयमा यस मकवानपुरगढी गाउँपालिका वडा नं. .........को ....................................टोलमा गठन गरिएको तपशिल वमोजिम पदाधिकारीहरु रहेको श्री ..........................................किशोरी समूहलाई यस गाउँपालिका कार्यालयमा दर्ता/नविकरण गरी किशोरी समूह प्रमाण-पत्र उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

तपशिलः

| सि.नं. | नामथर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोटः (किशोरी समूह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय, वडाको सिफारिस, अनुसूचि १ वमोजिमको निवेदन)

निवेदकः

अध्यक्षको नामः

किशोरी समूहको नामः

[illegible] लामा स्याङतान
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकवानचुली, मकवानपुर
बागमती प्रदेश, नेपाल

अनुसूचि २

(दफा ९ को उपदफा ३ सँग सम्वन्धित)

मकवानपुरगढी गाँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

मकान्चुली, मकवानपुर ।

दर्ता नं.

मितिः

## किशोरी समूहको दर्ता प्रमाणपत्रको ढाँचा

मकवानपुरगढी गाउँपालिका वडा नं.......स्थित.............................टोलमा गठन भएको .......................किशोरी समूहलाई यस कार्यालयमा मिति..........................मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस गाउँपालिकाको किशोरीहरुको हक,हित प्रवर्द्धन गर्ने, विकास निर्माणमा किशोरीको सहभागिता गराउने, सामाजिक विकृति, विसंगतिका विरुद्ध आवाज उठाउने तथा किशोरीलाई सक्रिय र जागरुक गराउने पक्षमा यस किशोरी समूहको उल्लेखनीय भूमिका हुने अपेक्षका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

...................................

प्रमुख प्रशासकीय अधिकृत

रोज लामा स्याङतान
अध्यक्ष

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मकान्चुली, मकवानपुर
बागमती प्रदेश, नेपाल